# १२ प्रारम्भिक चर्चमा परमेश्वरको आराधना

*यस अध्यायको निम्ति पढ्नुहोस्:* प्रेरित १:१-११, २:१४-४१, १७:१५-३४, १८:१-१६, १ कोरन्थी १३

*स्मरण गर्नुपर्ने पद:* "मानौं म संसारका विभिन्न मानव भाषाहरू बोल्न सक्ने भएँ रे, त्यत्तिमात्र होइन, स्वर्गदूतहरूको भाषा पनि बोल्न म सक्षम् भएँ रे। तर म सँग माया प्रेम छैन भने म केवल ठूलो स्वरले बज्ने घण्टा मात्र हुन्छु अथवा झ्याइँ झ्याइँ गर्ने झ्यालीमात्र हुन्छु।" (१ कोरन्थी १३:१)।

येशू स्वर्गमा फर्कनुभएको लगत्तै, सुरूमा चर्च बढ्न थालेको थियो। प्रथमतः ती सबै यहूदीहरू जसले येशूलाई मसिह भनेर स्विकार गरे, तिनीहरू इसाई विश्वासी भए। सुसमाचार केवल यहूदीहरूको मात्रै हो भनेर सुरूमा येशूका चेलाहरू र अरू विश्वासीहरूले सोचेका थिए। यस मनस्थितिले यो देखाउँथ्यो कि तिनीहरूले सिक्ने कुरा अझै बाँकि नै थिए।

पेन्टिकोष्टको समयमा येशूका चेलाहरू सहित अरू विश्वासीहरूलाई पवित्र आत्माद्वारा विषेश अभिषेक गरिएको थियो। त्यस समयमा पत्रुस सुरो भएर। ठूलो यहूदी जमातलाई प्रचार गरेको थियो (प्रेरित २)। "जो मानिसहरूले उसको प्रचारलाई ग्रहण गरे, तिनीहरूले बप्तिस्मा लिएका थिए। त्यस दिनमा करिब ३,००० मानिसहरू विश्वासीहरूसँग मिले" (प्रेरित २:४१)। सारा यहूदीहरूले येशूलाई विश्वास गर्न इन्कार गरे भन्ने धारणालाई त्यस पदले सरासर असहमती जनाएको हामी पाउँछौं। यसले गर्दा कुनै पनि यहूदीहरूले येशूलाई ग्रहण गरेन भन्नु मूर्खता हो भनेर प्रमाणित गर्दछ।

फेरी त्यस समयमा, प्रारम्भिक चर्च अत्यन्त उल्लासमय, शान्तिमय थिए, परमेश्वरको आराधना र स्तुति गर्न रोकतोक थिएन, त्यसकारण त्यो समयको चर्चको स्थिति स्वर्गिय आनन्दमय थियो भनेर

सोच्नु सरासर गल्ती हो। यथार्थमा भन्ने हो भने कतिपय विषयहरूलाई लिएर आज हामी तर्कवितर्क गर्दै विश्वासमा संघर्ष गरिरहेका छौं त्यहि अवस्था प्रारम्भिक चर्चको पनि थियो। ती विषयहरूले इसाई जीवनको सम्पूर्ण भागहरूलाई असर पारेमा थिए। त्यस ताकाका अन्य विषय बाहेक, येशूलाई गर्ने आस्था र आराधना तथा उपासना गर्ने शैलीको विषयमा पनि बादबिवाद भएको थियो।

यस अध्यायमा प्रारम्भिक इसाई इतिहासलाई अलिकति खोतलेर हेर्नेछौं। साथै जब चर्च वढ्न थाल्यो तब कस्ता कस्ता चुनौतिहरू उनले सामना गर्नुपर्‍यो भन्ने केहि विषय हामी अध्ययन गर्नेछौं। दुवै असल र खराबबाट हामी पाठ सिक्न कोशिष गर्नेछौं।

## १. धेरै “प्रमाणहरू" (प्रेरित १:१-११)

झट्ट हामीले हेर्दा, येशूले यस संसारमा गर्नुभएको सेवा कार्य असफल जस्तो देखिन्छ। तर जब येशू यस संसारमा जीवितै हुनुहुन्थ्यो, उहाँले हजारौं मानिसहरूलाई आकर्षित गर्नुभएको कुरालाई हामी अश्विकार गर्न सक्दैनौं। उहाँले सबैको हृदय जित्नु भएको थिएन। धेरै अगुवाहरूले उहाँलाई बहिस्कार गरेका थिए। अनि पाश्चात्य मूलका रोमी सरकारले उहाँलाई क्रुसमा टाँगिदिए। यसले गर्दा उहाँको घनिष्ट चेलाहरू तितर बितर भएर भाग्नु परेको थियो।

येशूको पुनरुत्थान नभएसम्म सारा चेलाहरू बीचल्लीमा परेका थिए। तब पेन्टिकोष्टको उल्लेखनीय घट्ना भयो। पवित्र आत्माबाट अभिषेक भएपछि डरले भुमिगत भएका चेलाहरूमा नयाँ जोश थपियो। तिनीहरू निडर भएर तिनीहरूको क्रुसमा टाँगिएका स्वामी नै परमेश्वरले नियुक्त गर्नुभएको संसारका उद्धारकर्ता मसिह हुन् भनेर प्रचार गर्न थाले। जब येशू स्वर्गमा फर्कनुभयो तब प्रारम्भिक चर्च बढ्न थाले।

दोस्रो आगमन, बप्तिष्मा, पवित्र आत्मा र येशूभक्तको लक्ष्यलाई लिएर प्रेरित १:१-११मा केहि महत्त्वपूर्ण सत्यहरूलाई औंल्याएका

छन्। पद ३ र ६मा चेलाहरूले अझ कति सत्यहरूलाई जान्नुपर्दछ भनेर कसरी औँल्याएका छन्?

पद ३ अत्यन्त घटलाग्दो छ। येशूले मानिसहरूलाई धेरै प्रमाणहरू दिनुभएको छ भनेर लूकाले उल्लेख गर्दछ। कुनै कुनै अङ्ग्रेजी बाइबलमा "अचुक अर्थात् सिद्ध प्रमाणहरू" भनेर लेखिएकाछन्। अरू बाइबलमा यसलाई "अत्यन्त चित्तबुझ्दो प्रमाणहरू" भनेर अनुवाद गरिएको छ। येशूमा विश्वास गर्नेहरूलाई उहाँ नै मसिह हुनुहुन्छ भन्ने यथेष्ट प्रमाण दिएका छन् भनेर यस पदले ठोकुवा गर्न खोजेको हामी पाउँछौं। सुसमाचार प्रचार गर्ने र येशूभक्तहरू बनाउने महान् उत्तरदायित्व विश्वासीहरूलाई येशूले सुम्पन्नु भएको थियो। त्यसकारण विश्वासीहरूले पाउनुपर्ने सबै प्रमाणहरूको आवश्यकता थियो। हाम्रो आस्थालाई मजबुत बनाउन सबै ज्ञानबोध परमेश्वरले दिनुहुन्छ भन्ने शुभ समाचारलाई हामीले सम्मान गर्नुपर्दछ। हामीले पूर्णरूपले नबुझेका कुराहरूलाई पनि विश्वास गर्न यथेष्ट आत्मज्ञान परमेश्वरले दिनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ। माथि उल्लेख गरिएका पदहरूले हामीलाई यो सिकाउँदछ कि इस्रायली राज्यको निम्ति परमेश्वरको योजना पूर्ण रूपमा ती चेलाहरूले अझै बुझेक थिएनन्। कतिपय समयमा प्रत्येक कुरालाई हामीले नबुझेतापनि परमेश्वरको स्तुती, प्रशंसा, आराधना र निर्देशन पालन गर्न हामी सिक्नुपर्दछ।

परमेश्वरलाई विश्वास गर्ने कारणहरू र शिक्षादिक्षाका प्रभाशाली प्रमाणहरूको बारेमा सोच्नुहोस्। आस्था तथा विश्वास भन्ने शव्द कसरी प्रयोग गरिएको छ सो ख्याल गर्नुहोस्। आस्था वा विश्वासको अर्थ के हो? तपाईंले पूर्ण रूपले कुनैकुरा नबुझेतापनि त्यसमा आस्था वा विश्वास राख्ने उचित आधारहरू के के छन्?

## २. परमेश्वरको वचनको प्रचार गर्नु (प्रेरित २:१४-४१)

प्रोटेस्टेन्ट वा सुधारवादी इसाई इतिहासको ठूलो भाग परमेश्वरको वचन प्रचार गर्नेमा केन्द्रित भएको छ। भेंडा वा

भक्तजनहरूलाई खवाउने, शिक्षादिक्षा दिने र चर्चका सदस्यहरूलाई प्रोत्साहन दिने पवित्र अभिभारा प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूलाई दिइएको छ। खुट्टा धुने, प्रभुभोज खाने, भजन गाउने, आराधना गर्ने, प्रार्थना गर्ने जस्ता विधिहरू आफै महत्त्वपूर्ण छन्। तर आराधना गर्ने समयमा प्रवचन दिनुचाहिँ त्यसको प्रमूख भाग प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूमा हामी पाउँछौं।

पेन्टिकोष्टको समयमा पत्रुसले दिएको प्रवचन पढ्नुहोस् (प्रेरित २:१४-४१)। पत्रुसले प्रचार गरेका बाइबल, दिक्षा, भविष्यवाणी, ख्रीष्ट, सुसमाचार र मुक्तिका बिषयहरू किन अत्यन्त महत्त्वपूर्ण छन्?

माछा मार्ने माझी पत्रुसले यसरी प्रभावकारी रूपमा गरेको प्रचार सुन्न पाउँदा श्रोतावर्गहरूले कस्तो अनुभव गरे होला ! पत्रुसले निशंकोच भएर प्रचार गरेको थियो। उसको वचनहरूमा कुनै पनि कमजोर देखाएको थिएन। बरू परमेश्वरको आत्मा उसबाट काम गरिरहनुभएको ती श्रोतावर्गहरूले देखेका थिए। आफ्नो प्रवचनभरि पत्रुसले बाइबल प्रयोग गरेको थियो (त्यसबखत केवल पूरानो करारमात्र थियो)। परमेश्वरको आत्मामा जोशिलो भएर पत्रुसले येशूको सुसमाचार, पुनरुत्थान हुनुभएको मसिहको बारेमा प्रचार गर्दछन्। “परमेश्वरको दाहिने हातमा येशूलाई राखेर उहाँलाई उचित सम्मान गरिएको छ" (प्रेरित २:३३ रूपान्तरित) भनेर पत्रुस घोषणा गर्दछ। पत्रुसका थोरै वाक्यहरूमा यस्ता महान् सन्देशहरू समेतिएको कुरा अत्यन्त घट्लाग्दो मान्नुपर्दछ। पवित्र आत्मा खनिएको, पश्चाताप गर्ने र दोस्रो आगमनदेखि सबै महत्त्वपूर्ण विषयवस्तुहरू पत्रुसले समेतेको थियो।

प्रेरित २:४१ अनुसार आराधनाको समयमा पत्रुसले गरेको प्रचारको परिणाम कस्तो भएको थियो? हामीहरूकै उपासनाको अनुभवमा र शबाथ दिनमा गरिने सेवाकार्यहरूमा पत्रुसको उल्लेखनीय घट्नाबाट हामी के सिक्नसक्दछौं?

पत्रुसको अगुवाईमा गरेको आराधनाको त्यस सेवाकार्य अत्यन्त विशिष्ट भएको हुनुपर्दछ। फेरि त्यसै समयमा पत्रुस र त्यस बेलाका विश्वासीहरूलाई दिएका प्रतिज्ञाहरू हामीलाई पनि उपलव्ध छन् भनेर विश्वास गर्नु अत्यन्त जरुरी छ। उनीहरूसँग भएको त्यहि बाइबल

हामीसँग छ, बरू नयाँ करार पनि थपिएको छ। र त्यहि परमेश्वर जसले त्यहि पवित्र आत्मा उपलव्ध गराउन चाहनुहुन्छ हामीसँग हुनुहुन्छ। हाम्रा आराधना सेवाकार्यहरूमा पनि पत्रुसको समयमा उपलव्ध गराइएको जस्तै जोश हामीहरूमा हुनुपर्दछ। के कुराले हामीलाई रोकिराखेको छ?

## ३. मार्स अर्थात् मङ्गगल ग्रहलाई सम्मान गरिएको थुम्कोमा पावल (प्रेरित १७:१५-३४)

प्रारम्भिक चर्चको कार्यकालमा आराधना विषयको अर्को उदाहरण हामी पाउँछौं। त्यस बेला मानिसहरूले केको आराधना वा पूजा गर्थे भन्ने बिषय पनि हामीलाई चासोको विषय हो। प्रेरित पावल एथेन्समा हुँदा उनले एक विषयवस्तुलाई लिएर सम्बोधन गरेको थियो। एथेन्स, ग्रीस अर्थात् युनान देशको एक प्रमुख शहरी राज्य थियो। यहाँबाट नै विश्वप्रशिद्ध दार्शनिकहरू उत्पादन गरिएका थिए। सुकरात, प्लेटो र आरिस्टोटल त्यस शहरका बासिन्दा थिए।

सुसमाचार प्रचार गर्ने क्रममा पावल एथेन्स पुगेका थिए। त्यहाँ मार्सको थुम्कोमा एक समूहलाई सम्बोधन गरेको थियो। यो एक प्रशिद्ध सार्वजनिक स्थल थियो जहाँ बुद्धिजीविहरू बिभिन्न तर्क गर्न भेला हुन्थे। पावलले सम्बोधन गरेका ती मानिसहरू धेरै वर्ष पहिले येरुशलेममा धार्मिक यहूदीहरूलाई पत्रुसले सम्बोधन गरेकाहरू भन्दा भिन्न थिए।

एथेन्समा पावलले प्रचार गरेको विवरण प्रेरित १७:१५-३४मा पढ्नुहोस्। पेन्टिकोष्टमा पत्रुसले सम्बोधन गरिएको जमान भन्दा पावलले परमेश्वरको बारेमा भनेको सुन्ने मानिसहरू कस्ता खालका थिए? फेरि दुवैको प्रचार गर्ने शैली कस्ता थिए?

पत्रुसले बाइबललाई उदधृत गरेर प्रचार गरिएको थियो जुन् पावलको भन्दा भिन्न थियो किनभने एथेन्सका बुद्धिजीविहरूलाई प्रचार गर्दा उनले बाइबललाई उदधृत गरेन। बरू पावलले गैर-धार्मिक लेखकको लेखलाई उदधृत गरेको थियो। फेरि त्यसै वखत पावलले

कसरी तर्क र सोचलाई प्रयोग गरे त्यो पनि ख्याल गर्नुहोस्। प्राकृतिक सम्पदालाई औँल्याएर सृष्टिकर्ता परमेश्वरलाई किन विश्वास गर्नुपर्छ भनेर पावलले त्यहाँका बुद्धिजीविहरूको सामु आफ्नो तर्क प्रस्तुत गरेको थियो।

यहाँ पावलले औँल्याएका आराधनाको विषय घट्लाग्दो मात्रु पर्दछ। ती मानिसहरूले त्यस्ता देवताको पुजा गर्दथे जुन तिनीहरू आफैले बुझ्न सकेको थिएन। त्यस शहरका अनजान देवताका मुर्ती र मानव निर्मित वेकारका थोकहरूबाट जीवित परमेश्वरतिर पावलले तिनीहरूको ध्यानार्कषण गर्न खोजेको थियो। आफ्ना हातले बनाएका देवीदेवताहरूलाई भन्दा मानिसहरूले सनातन परमेश्वरको उपासन गरुन् भन्ने पावलको चाहना थियो। मानिसले कुनै थोकको आराधना गर्ने स्वभावलाई पावलले इन्कार गरेको छैन। र केवल एक आराधना योग्य सत्य परमेश्वरको मात्र आराधना गरुन् भनेर पावलले तिनीहरूलाई देखाउन कोशिष गरेको हामी पाउँछौं।

कुन बिषयमा ती मानिसहरूको खास समस्या थियो?

हुनतः प्रकृतिलाई औँल्याएर, तर्क गरेर र धार्मिक बादबिवाद गरेर मानिसहरूलाई परमेश्वरतिर फर्काउनु खोज्नु सहज कार्य होइन, कारण किनभने त्यसको सिमा हुन्छ। एथेन्सका मानिसहरूलाई पावलले पश्चताप, परमेश्वरले गर्ने न्याय र पुनर्जीवनको बारेमा सिकाउन खोजेको थियो। ती सबै ज्ञानहरू विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। त्यसकारण ती बुद्धिजीविहरूसँग तर्क बितर्क गरेर पावलले सफलत हासील गरेको हामी पाउँदैनौं। केहि विश्वासीहरू मात्र उनले त्यहा बनाउन सके। तर प्रायजसो सबै जना पहिलै धर्ममा तिनीहरू फर्केर गएका थिए। येशूबाट उद्धार पाउने कुरामा तिनीहरूले वास्ता गरेनन्।

बाइबल नजान्ने मानिसहरूको निम्ति हाम्रो आराधना सेवालाई कसरी उपलव्धीमूलक बनाउन सक्दछौं? सत्यलाई खोजी गर्नेहरूको निम्ति हाम्रा आराधना गर्ने सेवाकार्यहरूलाई मित्रवत बनाउन सक्दछौं?

हाम्रा चर्चहरूमा तिनीहरूलाई कसरी आतिथ्य सत्कार गरि परमेश्वरको सेवा गर्न आकर्षित गर्नसक्छौं?

## ४. परमेश्वरको व्यवस्थाको बिरुद्धमा जाने आराधना (प्रेरित १८:१-१६)

शबाथ दिनमा चर्चमा के गरिन्छ त्यो मात्र आराधना होइन। त्यसले मात्र मानिसलाई परमेश्वरको उपासक भनिन्दैन। आराधनामा हाम्रा आस्थाका सबै भागहरू समावेश भएको हुन्छः हामी के विश्वास गर्छौं, हामीले के प्रचार गर्छौं, हामीले अरूलाई कस्तो व्यवहार गर्छौं र साथै हाम्रो हाउभाउ कस्तो छ। परमेश्वर हाम्रो सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर उहाँको महिमा गर्नु आराधनाको महत्त्वपूर्ण भाग हो। यहि सत्यताको आधारमा हामीले गर्ने आराधना बहनुपर्दछ। फेरि, आराधना भनेको परमेश्वरको बारेमा हो, उहाँको चरित्र र इतिहासमा उहाँले खेलेको भूमिकाक बारेमा मनन गर्नु हो। सत्य आराधनाले मानिसहरूलाई परमेश्वरसँग नजिक हुन सघाउँछ। परमेश्वरप्रति अगाढ श्रद्धा, सम्मान्, पश्चातापको भावनाको जागृत सत्य आराधनाले गराउँछ। साथै यदि हामीले सच्चा हृदयले परमेश्वरको उपासना गऱ्यौं भने त्यसले अरू मानिसप्रति पनि श्रद्धाको भावना जगाउँन सक्दछ।

हरदम हामी परमेश्वरको सोचमा हामी रहनुपर्दछ (लूका २१:३६, भजन १:२)। तर आराधना गर्ने समय विशेष समय हुनुपर्दछ। केवल चर्च वा चर्चका अगुवा अर्थात् चर्चको सेवाकार्यमा लागिरहने मानिसहरूमा मात्र भर परेर परमेश्वरको नजिक हुने अनुभूति हामी प्राप्त गर्नसक्दैनौं। तर आराधना कार्यक्रममा तिनीहरूको भूमिका उल्लेखनीय हुन्छ। निचौडमा भन्ने हो भने शबाथ दिनमा गरिने आराधनामा हुनुपर्ने श्रद्धा भावना व्यक्तिगत रूपमा हामीमै निहित भएको हुन्छ। चर्चमा परमेश्वरप्रति हुने रमाहत त्यहाँका वातावरण र उपासकहरूको भरमा छोड्नुहुन्न। परमेश्वरप्रति सम्बन्ध व्यक्तिगत हो, सार्वजनिक होइन।

फेरि यस अध्ययन पुस्तिकामा हामीले यो पनि हेऱ्यौं, आराधनाको सेवाकार्यको लक्ष्य नै हामीलाई स्वर्गमा लैजान सहयोग गर्नु हो। आराधनामात्र हाम्रो लक्ष्य होइन। हामीले गरेका आराधनाले हामीलाई मुक्ति दिने होइन। बरू परमेश्वरले हामीलाई उद्धार गर्नुभयो भन्ने आत्मज्ञानप्रति आभारित भएर हामी उहाँको उपासना गर्दछौं। उहाँको प्रेमको प्रतिउत्तरमा हामी उहाँको आराधना गर्दछौं।

पावलको बिरुद्धमा के मुद्दा दायर गरेको थियो? हेर्नुहोस्ः प्रेरित १८ः१-१६। यसले आराधनाको बिषयमा हामीलाई के भन्छ?

स्थानिय रितिथिति वा व्यवस्था (पद १३ रूपान्तरित) र देवताको बिरुद्धमा प्रचार गरी अर्कैको आराधना गर्नुपर्छ भनेर पावलले उक्साएको भनेर भिँडले उनलाई हातपात गरेका थिए। (येशूलाई विश्वास गर्ने यहूदीहरू पनि उनीप्रति डाही भएर उनको खिलाफमा उत्रेका थिए)। तर प्रेरित १८मा हामीले के औँल्याउन चाहन्छौं भने त्यहाँका मानिसहरू आफ्नै प्रकारको पूजाआजाका बन्धक हुन पुगेका थिए। जब, सारा सत् आराधनाको केन्द्रविन्दु हातले बनाएका मुर्ती होइन तर सनातन परमेश्वर हुनुहुन्छ भनेर पावलले सिकाए त्यो कुरा उनीहरूले पचाउन सकेन। तिनीहरू आफ्नै रितिथितिमा अलमलिएका थिए र जुन रितिथिति अर्थात् व्यवस्थाले सत् परमेश्वरलाई औँल्याएको थियो त्यो मान्न तिनीहरू चुक्यो।

हुनसक्छ कतिपय संस्कारहरूमा पावलले सामना गर्नुपरेको परिस्थिति भन्दा भिन्न होला। तर हामीहरूको जीवनशैली र धार्मिक रितिरिवाजले विश्वासमा तगारो नहाल्न सचेत हुनुपर्दछ। जुनसुकै आराधनाको क्रियाकलापले यदि हामीलाई क्रुसतिर दोहऱ्याएनन् भने त्यो आडम्वरी, ढोंगी, देखावती र खोतो उपासना हुनजान्छ।

## ५. प्रेमले सबैलाई जित्छ (१ कोरन्थी १३)

प्रारम्भिक चर्चमा एकता र शान्ति थिए भन्ने धारणाले सजिलैसित हामी अभिप्रेरित हुनसक्दछौं। सत आराधनाको अनुकरणीय उदाहरण त

त्यो हो। तर दुर्भाग्यवस, नयाँ करारको इतिहास पनि पुरानो करार जस्तै थियो भन्नु पर्दा दुःख लाग्दो कुरो हुन्छ। बाइबलका दुवै पुस्तकहरूले हामी कतिका पतित रहेछौं भनेर देखाउँदछ।

उदाहरणमा कोरन्थीको चर्चको बारेमा चर्चा गरौं। यो चर्च पावलले दोस्रो प्रचार गर्ने यात्रामा स्थापना गरेका थिए। कोरन्थी शहर अत्यन्त व्यस्त, धन र व्यापारको केन्द्र थियो। फेरि मानव निर्मित देवीदेवताहरूको केन्द्रस्थल पनि थियो। भ्रामिक धर्महरूले गहिरो अखडा बनाएका थिए। त्यस शहरको धर्मको संस्कार, रितिरिवाज र उछिङ्खल तथा अपवित्र जीवनले चर्चमा पनि आक्रमण गरेको थियो। यसले गर्दा पावलकै समयमा चर्चको अवस्था बिग्रेको थियो। तर त्यो मात्र त्यस चर्चको समस्या थिएन। चर्चको अगुवाहरूको बीचमा खिचातानी भइरहेका थिए। त्यसप्रति पावल अत्यन्त संवेदनशील भएको थियो। झगडाको बिभिन्न विषयलाई र मुर्तीपूजाको विषयलाई पनि लिएर पावलले सम्बोधन गरेको थियो (१ कोरन्थी १०:१४)। आत्मिक बरदानहरूलाई पनि ठिक ढँगमा प्रयोग गरिएको थिएन। ती मध्ये अन्य भाषा बोल्ने बरदान पनि थियो, जसलाई चर्चका मानिसहरूले आफ्नो लाभको निम्ति प्रयोग गरिरहेका थिए (१ कोरन्थी १४)।

कोरन्थी चर्चमा भएका विश्वासीहरू समस्यै समस्याहरूमा अल्झिरहेका थिए। तिनीहरूको निम्ति पावलले कडा शव्दमा चेतावनी दिएका थिए। तर बिश्वप्रशिद्ध १ कोरन्थी १३ अध्याय पनि उनैले कोरेका थिए। यस अध्यायको मूल सन्देश के हो? अझ महत्त्वपूर्ण सान्दर्भिक भाषामा भन्नुपर्दा त्यस अध्यायमा लेखिएका सन्देश हाम्रो जीवन र आराधनामा कसरी प्रयोग गर्न सक्छौं?

आफ्नो हृदयमा परमेश्वरप्रति र एक आपसप्रति प्रेमले भरिएन भने कुनै पनि बरदान र आश्चर्य कामको औचित्य छैन भनेर पावलले जोड गरेको हामी पाउँछौं। प्रेम नै उत्कृष्ठ बरदान हो भनेर पावलले व्यक्त गर्दछ। हामी सबैले यो पाउन चाहना गर्नुपर्दछ। प्रेमको बिकल्प अरू कुनै पनि छैन।

आत्मिक बरदानहरू महत्त्वपूर्ण छन्, यसमा बिवाद छैन। इसाईहरूले ती बरदानहरूलाई आफ्नो भाउ बढाउन होइन तर परमेश्वरको महिमा गर्न र चर्चको एकतामा वृद्धि गर्न प्रयोग गर्नुपर्दछ। र कुनै पनि बरदान वा परमेश्वरले दिनुभएको विशेष कलालाई आफ्नो व्यक्तिगत स्वार्थ र महिमाको निम्ति र गलत आराधना गर्न प्रयोग गर्नुहुन्न।

अन्तमा यदि चर्चका विश्वासीहरू प्रेम र निष्ठाले भरिएका छन् भने तिनीहरूको आराधनाको प्रभाव र शक्ति सामहिक आराधनामा सिमित नराखी दैनिक जीवनमा पनि प्रकट गरिनेछ।

तपाईंको दैनिक जीवनमा अरूप्रति निश्वार्थी प्रेम कत्तिको झल्काउनु भएको छ? तपाईंको आफ्नै समय र उर्जा अरूलाई सहायता गर्न कत्तिको खर्च गर्नुहुन्छ? अरूको भलाईको निम्ति कत्तिको त्याग गर्न तयार हुनुहुन्छ? भन्न सजिलो छ, तर व्यवहारमा सजिलो छैन, छ त?

## उपसँहारः

<u>थप जानकरीः</u> एलेन जी ह्वाइटद्वारी लिखित *द आक्टस् अभ आपोस्टल्सको* देहायका अध्यायहरू पढ्नुहोस्ः पृ. ३५-४६को “द पेन्टिकोष्ट", पृ. ४७-५६को “द गिफ्टस् अभ द स्पिरिट, पृ. २०१-२१०को “एकजाल्टिङ्ग द क्रस," पृ. २४३-२५४को “कोरन्थी" र पृ. ३०९-३२२को “कल्ड टु रिच ए हाइएर स्टान्डर्ड।"

“आवेश, जोश वा भावनामा पवित्रता आधारित हुनुहुन्दैन। सारा जीवन परमेश्वरको इच्छामा समर्पण गर्नाले पवित्रताको दायरामा हामी पर्दछौं। परमेश्वरको मुखारबाट निस्किएका प्रत्येक वोली अनुसार जीउँनु नै पवित्र हुनु हो।....यो विश्वासको आधारमा हिंड्नु हो।..पूर्ण विश्वाससाथ परमेश्वरमा भर पर्नु र उहाँको प्रेममा रहन सक्षम् हुनु नै पवित्रताको परिभाषा हो।"एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ५१बाट रूपान्तरित।

"बिगत (वा वर्तमान) समयमा येशूभक्तहरूले येशूको निम्ति महा कष्ट भोग्न शक्तिसामर्थ कहाँबाट आयो त? परमपिता परमेश्वर....पवित्र आत्मा...र येशू ख्रीष्टसँग एकतावद्ध हुँदाले नै परम भक्तजनहरूले सबै वेदना भोग्न शक्ति पाएका थिए। कष्ट र गिल्लाले गर्दा धेरै येशूभक्तहरूले आफ्ना प्रिय मित्रजनहरूबाट टाडा हुनुपरेको थियो, तर येशू ख्रीष्टको प्रेमबाट तिनीहरू कहिलै पनि अलगिएको हुँदैन।"एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ८५बाट रूपान्तरित।

"ती समर्पित तथा निष्ठावान सुसमाचारका दुतहरूले....ख्रीष्टको सन्देश सुनाउने क्रममा आफ्नो भाऊ जोज्ने भावनाले तगारो नबनाइयोस्।...तिनीहरूले अधिकार तथा आफ्नो भाऊ तथा सम्मान खोज्ने चाहना गर्नुहुँदैन।" एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. २०९बाट रूपान्तरित।

"मुर्ती वा कुनै आकारलाई पूजा गर्नु हुन्न भन्ने पावलको निर्देशन केवल मानव निर्मित देवीदेवताहरूको पूजा गर्न मनाहि गरेको होइन। आफ्नो भाऊ खोज्ने, ऐश आराममा हिंड्न मन पराउने र आफ्नो शरीरलाई चाहिने भन्दा वेसी खँचुवा हुने चरित्र पनि एक किसिमको मुर्ती पूजा नै हो भनेर पावलले हामीलाई भन्न खोजिरहेको पाउँछौं।"- एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. २१७बाट रूपान्तरित।

**चिन्तनमननः**

क. परमेश्वरमाथि विश्वास अर्थात् आस्था राख्नु भनेको के हो भनेर विश्वासीहरू बीच एक आपसमा तर्क गर्नुहोस्। हामीले जे विश्वास गर्छौं त्यसको प्रमाण हामीहरूसँग के छ त? हामीले गरिने शिक्षादिक्षामा विश्वास कुन तर्कको आधारमा गर्दछौं? के प्रमाणहरू छन् जसले ती धार्मिक दिक्षामा विश्वास गर्न सहायता गर्दछन्? फेरि त्यसै वखत हाम्रो आस्थाले सामना गर्नु परेका

चुनौतिहरू के के छन्? यस्ता चुनौतिहरूको बावजुद पनि हामी परमेश्वरमा किन विश्वास र भरोसा राख्दछौं?

ख. तपाईंको जीवनमा कतिपय प्रभावशाली आराधना सेवाकार्यहरूमा भाग लिइसक्नुभयो होला। त्यसमा केहि प्रेरणादायी आराधना सेवाहरूलाई सम्झनुहोस्। के ले गर्दा ती प्रभावशाली र प्रेरणादायी हुन पुगे? ती आराधनाको कुन भागले तपाईंको हृदयमा छाप राखिरहेका छन्? तपाईंको स्थानिय चर्चमा गरिने आराधनाको सेवाकार्यमा तपाईंले अनुभव गर्नुभएका कुन् भागलाई समावेश गर्न प्रयास गर्न सक्नुहुन्छ?

ग. हामीले आराधना गर्दा के यस्ता कार्यक्रमहरू छन् जसले येशू र उहाँको क्रुसलाई ओझेलोमा पार्नसक्दछ? येशूलाई ओझेलोमा पार्ने यस्ता कुनै कार्यक्रम तालिकालाई हटाउन कसरी निश्चित हुने?

घ. प्रेमको सर्वोकृष्ठ परिभाषा १ कोरन्थी १३मा कोरिएको छ। यसलाई पढेर चिन्तन गर्नुहोस्। पावलले छलफल गरेको प्रेमलाई तपाईंको चर्चमा देखाउन कुन् सकारात्मक कदम चाल्न सकिन्छ?